दोरम्बा शैलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
टोकरपुर, रामेछाप
बागमती प्रदेश, नेपाल ।

प.सं. २०८१।०८२ मिति : २०८१/१२/०३

च.नं. ने.सं.११४५चिल्लागा द्वितीया ३ आइतवार

## गृहिणी महिला सशक्तीकरण कार्यक्रममा सहभागी हुन इच्छुक महिलाहरुले निवेदन पेश गर्ने सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८१/१२/०३ गते**

वागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको आ.व.२०८१/०८२ को वार्षिक कार्यक्रम अनुसार सामाजिक विकास कार्यालय काभ्रेको मिति २०८१/०९/२६ गते प्रकाशित सूचना अनुसार **"गृहिणी महिला सशक्तीकरण कार्यान्वयन कार्यविधि २०८०"** बमोजिम गृहिणी महिला सशक्तीकरण कार्यक्रमका लागि दोरम्वा शैलुङ गाउँपालिका र सामाजिक विकास कार्यालय काभ्रेबिच द्विपक्षीय सम्झौता भई उक्त कार्यक्रम कार्यान्वयनको लागि स्वीकृत कार्यविधिमा दोरम्बा शैलुङ गाउँपालिकाको निर्णय अनुसार वडा नं. १,२ र ३ छनौट भएको हुँदा तपसिल उल्लेखित छनौटका आधारहरु पुरा गरेका इच्छुक गृहिणी महिलाहरुले वडा नं.१,२ र ३ वडा कार्यालयमा गई मिति २०८१/१२/१७ गते सम्म कार्यालय समयभित्र तपसिलमा उल्लेखित आवश्यक कागजातहरु संलग्न गरी निवेदन पेश गर्नुहुन यो सूचना सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

तपसिल:

### गृहिणी महिला छनौटका आधारहरु

१. सम्बन्धित वडामा स्थायी बसोबास भएको,

२. अन्य कुनै स्थायी वा करार सेवामा कार्यरत नभएको,

३. २० देखि ५५ वर्ष उमेर समूह भित्रको,

४. विपन्न दलित ,सिमान्तकृत, लोपोन्मुख र अल्पसंख्यक महिला,

५. शहिद परिवार, एकल महिला,द्वन्द्वपीडित र अपाङ्गता भएका महिला ,

६.इच्छुक बेरोजगार र आर्थिक रुपले विपन्न महिला ।

**नोट :-** गृहिणी महिला सशक्तीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०को दफा ५मा उल्लेखित व्यवसायका क्षेत्रहरु मध्ये कुनै एक क्षेत्रको कार्यक्रमा सहभागी हुने गरी निवेदन पेश गर्नुपर्ने छ ।

...................... १२।०३

यदुविक्रम थापा
प्रमुख प्रशासकीय अधिकृत